# नेपाल नागरिक उड्डयन प्राधिकरण

(ने.ना.उ.प्रा. संचालक समितिको मिति २०६९।१।९ मा बसेको २५४औं बैठकबाट स्वीकृत)

## वायुयानहरुको भूमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन निर्देशिका २०६९

**प्रस्तावना :** विमानस्थल भूमिस्थ प्रवन्ध सुविधालाई अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको एनेक्स–९ फेसिलिटेशनमा भएका प्रावधानहरु व्यवस्थित रुपमा कार्यान्वयन गर्न गराउन आवश्यक भएकोले,

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन २०५३ को दफा ५ को खण्ड (ठ) मा विमानस्थलमा भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्ने, गराउने प्राधिकरणको काम, कर्तव्य र अधिकार रहेकोले,

सोही ऐनको दफा १० को उपदफा (१) को खण्ड (ङ) मा विमानस्थल तथा विमानस्थल क्षेत्र भित्र भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन लगायत अन्य व्यापार व्यावसाय गर्नेहरुसँग तोकिए बमोजिम भाडा तथा शुल्क असुल गर्ने व्यवस्था रहेकोले,

विमानस्थलमा सञ्चालन गरिने भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा व्यवस्थित तथा स्तरीय रुपमा सञ्चालन गरी प्राधिकरणको आयमा सघाऊ पुऱ्याउन बांछनीय भएको हुँदा नेपाल नागरिक उड्डयन प्राधिकरणको ऐन २०५३ को दफा ३५ तथा नेपाल नागरिक उड्डयन प्राधिकरण नागरिक उड्डयन नियमावली, २०५८ को नियम ८१ र ८२ ले दिएको अधिकार प्रयोग गरी नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण, वायुयानहरुको भूमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा निर्देशिका **२०६९** रहेको छ ।

(२) यो निर्देशिका प्राधिकरण सञ्चालक समितिबाट स्वीकृति भएको मिति देखि लागु हुनेछ ।

(३) यो निर्देशिका नेपालका बिमानस्थलहरुबाट उडान गर्न अनुमति प्राप्त वायुयानको हकमा मात्र लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "निर्देशिका" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण वायुयानहरुको भूमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा निर्देशिका **२०६९** सम्झनु पर्दछ ।

(ख) "भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा" भन्नाले नेपालका विमानस्थलबाट उडान हुने वायुयानलाई उपलब्ध गराईने भूमिस्थ प्रवन्ध सुविधा सेवा सम्झनु पर्छ र सो शब्दले नेपालका विमानस्थलबाट उडान गर्ने वायुयानका सम्बन्धमा फ्युल एण्ड आयल ह्याण्डलिङ्ग, फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग कमर्शियल एयरक्राफ्ट मेन्टेनेन्स एण्ड सर्भिसेज र क्याटरिङ्ग सर्भिसेजका सम्बन्धमा छुट्टाछुट्टै र अन्य सेवाका हकमा सामुहिक रुपमा देहायका सेवाहरुलाई जनाउँदछ र सामुहिक रुपमा ग्राउण्ड ह्याण्डलिङ्ग गर्ने अनुमति तथा प्रमाणपत्र प्राप्त वायुसेवा वा संस्थाले फ्युल एण्ड आयल ह्याण्डलिङ्ग, फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग, क्याटरिङ्ग सर्भिसेज, कमर्शियल एयरक्राफ्ट मेनटेनेन्सका सम्बन्धमा त्यस्तो सेवा सञ्चालन गर्न अनुमति पाएका संस्थासंग सो सेवा सुविधाका लागि समन्वय गर्न सक्नेछन् ।

- ग्राउण्ड एडमिनिस्ट्रेशन एण्ड सुपरभिजन ।
- प्यासेन्जर ह्याण्डलिङ्ग ।
- व्यागेज ह्याण्डलिङ्ग ।
- र्‍याम्प ह्याण्डलिङ्ग
- फ्लाइट अपरेसन्स एण्ड क्रु एडमिनिस्ट्रेशन ।
- सर्फेस ट्रान्सपोर्ट ।

सामुहिक सेवा

- क्याटरिङ्ग सर्भिसेज ।
- फ्यूल एण्ड आयल ह्याण्डलिङ्ग ।
- फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग ।
- **एयरक्राफ्ट मेन्टेनेन्स एण्ड सर्भिसेज ।**

छुट्टै सेवा

(ग) "कार्यालय" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गतका नागरिक उड्डयन कार्यालय सम्झनु पर्छ ।

(घ) "प्राधिकरण" भन्नाले नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले नागरिक उड्डयन प्राधिकरण सञ्चालक समिति सम्झनु पर्छ ।

(च) "महानिर्देशक" भन्नाले नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक सम्झनु पर्दछ ।

(छ) "सस्था" भन्नाले भूमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको छुट्टै वा साझेदारी सस्था समेत सम्झनु पर्दछ ।

(ज) "सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरणबाट नेपालका विमानस्थलहरुबाट उडान गर्न यस निर्देशिका बमोजिम अनुमति तथा प्रमाणपत्र प्राप्त

गरी उडान संचालन गर्ने व्यक्ति वा संस्थाले आफ्नो उडानमा रहेको वायुयानको आफैले भूमिस्थ प्रवन्ध सेवा संचालन गर्ने भन्ने सम्झनु पर्दछ ।

(झ) "कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग" भन्नाले नागरिक उड्डयन प्राधिकरणबाट नेपालका विमानस्थलहरुबाट उडान गर्ने स्वकिृति प्राप्त व्यक्ति, संस्था वा वायुसेवाका वायुयानहरुको प्राधिकरणबाट निर्धारित शुल्क लिई यस निर्देशिका बमोजिम करारमा भूमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा प्रदान गर्न अनुमति तथा प्रमाणपत्र प्राप्त गर्ने संस्थाले करारमा वायुयानको भूमिस्थ प्रवन्ध सेवा सञ्चालन गर्ने भन्ने सम्झनु पर्दछ ।

३ **<u>यस निर्देशिकाको व्याख्या :</u>** (१) यस निर्देशिकाको व्याख्या गर्ने अधिकार महानिर्देशकलाई हुनेछ र निजले गरेको व्याख्या सम्बन्धित सबैको लागि मार्गदर्शक हुनेछ ।

(२) उपखण्ड (१) बमोजिम महानिर्देशकले गरेको व्याख्या उपर चित्त नबुझी समिति समक्ष कसैले निवेदन दिएमा समितिले छानविन गरी व्याख्या सहित निर्देशन दिन सक्नेछ । समितिले गरेको व्याख्या अन्तिम व्याख्या हुनेछ ।

## परिच्छेद – २

## अन्तर्राष्ट्रिय उडानमा रहेका वायुयानहरुको भूमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन सम्बन्धी व्यवस्था

४ **<u>भूमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चान गर्न प्राधिकरणको अनुमति लिनु पर्ने:</u>** (१) नियमित उडान गर्ने वायुसेवा वा वायुयान संचालकले अन्तर्राष्ट्रिय उडानमा सञ्चालन हुने आफ्नो वायुयानको भूमिस्थ प्रवन्ध सुविधा सेवा विमानस्थलमा आफैले सञ्चालन गर्न सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग गर्न वा कुनै संस्थाले करारमा अन्य वायुसेवा वा वायुयान संचालकहरुको वायुयानको भूमिस्थ प्रवन्ध सुविधा (कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्न चाहेमा प्राधिकरणको अनुमति लिनु पर्नेछ । अनुमतिको लागि आवेदन गर्दा नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ को अनुसूची (१) मा उल्लेख भए बमोजिमको शुल्क तथा सोही अनुसूचीमा उल्लेखित जमानत रकमको पाँच प्रतिशत नगद रकम वा बैंक ग्यारेण्टी अग्रिम दाखिला गर्नु पर्नेछ ।

तर, यस निर्देशिकामा उल्लेख भए बमोजिम कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग गर्न चाहने वायुसेवा वा संस्थाले कमर्शिलय ग्राउण्ड ह्याण्डलिङ्ग गर्न प्रचलित कानून बमोजिम दर्ता गरेको हुनु पर्नेछ । यस्तो सेवा संचालन गर्न नेपाल सरकारको स्वामित्व प्राप्त राष्ट्रिय ध्वजावाहक वायुसेवा संस्थाले कमर्शियल ग्राउण्ड गर्न चाहेमा छुट्टै (ग्राउण्ड ह्याण्डलिङ्ग) संस्था दर्ता गर्नु पर्ने छैन । नेपालमा अन्तर्राष्ट्रिय उडान गर्न अनुमति पाएका वायुसेवाहरुका तर्फवाट एक्लै वा सामूहिक रुपमा दर्ता गरी अनुमति माग गर्न आएमा त्यस्ता संस्थालाई प्राथमिकता दिन सकिनेछ ।

(२) एक हप्तामा कम्तिमा एक्तीस (३१) नियमित उडान सञ्चालन गर्न अनुमति पाएको वायुसेवा वा वायुयान संचालकले मात्र आफ्नो अन्तर्राष्ट्रिय उडानमा संचालन हुने

वायुयानको भूमिस्थ प्रवन्ध सुविधा सेवा विमानस्थलमा आफैले संचालन गर्न (सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग गर्न) उप-खण्ड (१) अनुसार आवेदन दिन सक्नेछन् ।

<u>**तर, यो निर्देशिका लागू हुनु पूर्व सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग गर्ने अनुमति तथा प्रमाणपत्र प्राप्त गरी सेवा सञ्चालन गरी रहेका वायुसेवाहरु तथा**</u> अन्तर्राष्ट्रिय उडान तर्फका उद्धार उडान वा हस्पिटल उडान वा साना अन्तर्राष्ट्रिय चार्टर उडान वा यस्तै प्रकृतिका नयूनतम उपकरण मात्र प्रयोग गर्ने उडानले सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग गर्न चाहेमा यस खण्डमा उल्लेखित उडान संख्याको सीमा लागु हुने छैन ।

(३) उप-खण्ड (१) अनुसार करारमा अन्य वायुसेवा वा वायुयान संचालकहरुको वायुयानको भूमिस्थ प्रवन्ध सुविधा (कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा संचालन गर्न कुनै संस्थाले तीनवटा वा सो भन्दा बढी अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालकहरु गरी कम्तिमा हप्तामा ४० वटा अन्तर्राष्ट्रिय नियमित उडानको अनुमति प्राप्त वायुसेवाहरुको भूमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्न सम्पन्न गरिएको करार पत्रको प्रतिलिपि सहित आवेदन गर्न सक्नेछन् ।

तर, बिमानस्थलको र्याम्पको स्थानाभावलाई दृष्टिगत गरी अन्तर्राष्ट्रिय उडानका लागि हाल सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग गरिरहेका बाहेक थप अन्तर्राष्ट्रिय वायुसेवा वा संस्थालाई सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग अनुमति प्रदान नगर्ने तथा कमर्सियल ग्राउण्ड ह्याण्डयलिङ्ग सेवालाई अन्तर्राष्ट्रिय स्तरको र प्रतिस्प्रर्धात्मक बनाउन २  (दुई) वटा सम्म वायुसेवा वा संस्थालाई कमर्सियल ग्राउण्ड ह्याण्डयलिङ्ग अनुमति प्रदान गरिनेछ । सो भन्दा बढी वायुसेवा वा संस्थालाई अनुमति दिनु परेमा स्थानको स्पष्ट खाका सहित पेश गरी स्थान उपलव्ध गराउन सकिने भएमा मात्र सञ्चालक समितिको स्वीकृतिबाट अनुमति दिन सकिनेछ । कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गको अनुमति तथा प्रमाणपत्र प्रदान गर्दा विज्ञापन प्रकाशित गरी प्रतिस्पर्धाको आधारमा दिइनेछ तथा कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग सेवा संचालन गरेवापत कूल आयको न्यूनतम सकारेको रकम यो निर्देशिका लागू हुनु पूर्व कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग गर्न अनुमति तथा प्रमाणपत्र प्राप्त गरी सेवा संचालनमा रहेको वायुसेवा वा संस्था समेतले नेपाल नागरिक उड्डयन प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

(४) उप-खण्ड (२) वमोजिमको आवश्यकता पूरा गरी सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग सेवा सञ्चालन गर्न उप-खण्ड (१) बमोजिम आवेदन दिने वायुसेवा वा वायुयान संचालकलाई प्राधिकरणले स्थान तथा अवस्था हेरी सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग गर्ने अनुमति प्रदान गर्न सकिनेछ । यस्तो अनुमति प्राप्त गर्न सम्बन्धित वायुसेवाले आफूले प्रदान गर्ने सेवाका लागि चाहिने उपयूक्त उपकरण तथा दक्ष जनशक्तिको व्यवस्था गरी स्तरीय संचालन कार्यविधि तथा ग्राउण्ड ह्याण्डलिङ्ग म्यानूअल महानिर्देशकबाट स्वीकृति गराईसकेपछि प्राधिकरणले नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ को अनुसूची–१ मा उल्लिखित शुल्क लिई यस निर्देशिकाको अनुसूची (१) बमोजिमको अनुमति तथा प्रमाण-पत्र प्रदान गर्न सकिने छ । यसरी अनुमति तथा प्रमाण-पत्र प्राप्त गरेपछि त्यस्तो वायुसेवाले सम्बन्धित कार्यालयसँग आवश्यक सम्झौता गर्नु पर्नेछ । यस्तो अनुमति तथा प्रमाण-पत्र प्राप्त गरी सम्बन्धित कार्यालयसँग सम्झौता गरिसकेपछि त्यस्तो वायुसेवाले आफ्नो अन्तर्राष्ट्रिय उडानमा संचालन हुने वायुयानको आफै ग्राउण्ड ह्याण्डलिङ्ग गर्न सक्नेछ ।

(५) उप-खण्ड (१) अनुसार भूमिस्थ प्रवन्ध सेवा सञ्चालन गर्न अनुमतिका लागि उप-खण्ड (३) बमोजिमको व्यवस्था सहित कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग सेवा सञ्चालन गर्न स्वीकृति माग गरी आवेदन दिने संस्थालाई प्राधिकरणले भूमिस्थ प्रवन्ध सेवा प्रदान गर्न आधिकारिक अनुमति पत्र (लेटर अफ इन्टेण्ट) प्रदान गर्न सकिने छ ।

(६) उप-खण्ड (५) बमोजिम अनुमति पत्र प्राप्त संस्थाले अनुमति पत्र प्राप्त गरेको मितिले एक वर्ष भित्र उपयुक्त उपकरण तथा दक्ष जनशक्तिको व्यवस्था गरी स्तरीय संचालन कार्यविधि र भूमिस्थ प्रवन्ध सुविधा म्यानुअल आदि महानिर्देशकबाट स्वीकृत गराउनु पर्नेछ । यस्तो व्यवस्था गरिसकेपछि प्राधिकरणले नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ को अनुसूची (१) बमोजिमको शुल्क लिई यस निर्देशिकाको अनुसूची (१) बमोजिमको अनुमति तथा प्रमाण-पत्र प्रदान गर्नेछ । त्यसरी अनुमति तथा प्रमाणपत्र प्राप्त गरेपछि त्यस्तो सस्थाले सम्बन्धित कार्यालयसँग आवश्यक सम्झौता गर्नु पर्नेछ र त्यस्तो सम्झौता गरिसकेपछि मात्र सो संस्थाले कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग कार्य प्रारम्भ गर्न सक्नेछ । सो अवधि भित्र कार्य प्रारम्भ नगरेमा वा सम्झौता भएपछि सम्झौता बमोजिम कार्य सञ्चालन नगरेमा वा सम्झौता बमोजिम काम नगरी करारका शर्त उल्लंघन गरेमा वा एक पक्षीय रुपमा सम्झौता भंग गरेमा खण्ड (१३) बमोजिम राखिएको बैंक ग्यारेण्टी रकम प्राधिकरणले जफत गरी आफ्नो कोषमा आम्दानी बांध्नेछ ।

## परिच्छेद ३
## आन्तरिक वायुसेवाहरुको भूमिस्थ प्रबन्ध सम्बन्धी व्यवस्था

५. **आन्तरिक उडानको लागि भूमिस्थ प्रबन्ध सुविधा सेवा प्रदान गर्न अनुमति लिनु पर्ने :** (१) आन्तरिक उडानमा रहेका वायुसेवाहरुले आफ्नो वायुयानको भूमिस्थ प्रबन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा आफैं गर्न चाहेमा नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ को अनुसूची (१) मा उल्लेख भए बमोजिमको शुल्क तथा जमानत बापतको नगद रकम वा बैंक ग्यारेण्टी सहित प्राधिकरण समक्ष आवेदन गर्नु पर्नेछ । यसका लागि उडान संख्याको बन्देज रहने छैन ।

(२) आन्तरिक उडानमा रहेका वायुसेवाहरुले आफ्नो वायुयानको आफैं ग्राउण्ड ह्याण्डलिङ्ग गर्न नसक्ने अवस्थामा प्राधिकरणले कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गको व्यवस्था गर्न सक्नेछ । यसका लागि प्रचलित कानून बमोजिम दर्ता भएको संस्था हुनु पर्नेछ । ग्राउण्ड ह्याण्डलिङ्ग बापत ग्राउण्ड ह्याण्डलरले प्राधिकरणलाई बुझाउनु पर्ने दस्तुर नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ को अनुसूची (१) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गको लागि एउटा विमानस्थलमा बढीमा २ वटा संस्थालाई मात्र अनुमति दिन सकिनेछ । यसका लागि खण्ड ४ बमोजिम दर्ता भएको संस्थाले नेपाल नागरिक उड्डयन प्राधिकरण नियमावली, २०५८ को अनुसूची (१) मा उल्लेख भए बमोजिम आवेदन दस्तुर, प्रमाणपत्र दस्तुर तथा धरौटी सहित आवेदन गर्नु पर्नेछ । आन्तरिक उडानको कमर्शियल ग्राउण्ड ह्याण्डलिड० अनुमति पत्र प्रदान गर्दा प्रतिस्पर्धाबाट गरिनेछ ।

## परिच्छेद ४
## फ्युल एण्ड आयल ह्याण्डलिङ्ग तथा क्याटरिङ्ग ह्याण्डलिङ्ग सम्बन्धी व्यवस्था

६. **नेपालका बिमानस्थलमा फ्युल एण्ड आयल ह्याण्डलिङ्ग तथा क्याटरिङ्ग सेवा प्रदान गर्न अनुमति लिनु पर्ने** : (१) यस निर्देशिका बमोजिम "फ्यूल एण्ड आयल ह्याण्डलिङ्ग" गर्ने तथा "क्याटरिङ्ग" सेवा सञ्चालन गर्ने संस्थाले पनि यसै निर्देशिका बमोजिम अनुमति तथा प्रमाणपत्र लिनु पर्नेछ।

(२) यो निर्देशिका लागू हुंदाका बखत फ्यूल एण्ड आयल ह्याण्डलिङ्ग तथा क्याटरिङ्ग सेवा प्रदान गर्ने संस्थाले नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली २०५८ को अनुसूचि १ बमोजिम आवेदन तथा प्रमाणपत्र दस्तुर तथा धरौटी बुझाइ प्राधिकरणमा आवेदन गर्नु पर्नेछ । यसरी आवेदन प्राप्त हुन आएमा प्राधिकरणले आवश्यक छानविन गरी सो को अनुमति तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

(३) उपखण्ड (१) बमोजिम फ्युल एण्ड आयल ह्याण्डलिङ्ग गर्ने तथा क्याटरिङ्ग सेवा सुविधा प्रदान गर्ने संस्थाले आवेदन तथा प्रमाणपत्र दस्तुरको साथमा नागरिक उड्डयन नियमावली २०५८ बमोजिम धरौटी राख्नु पर्नेछ।

(४) फयुल एण्ड आयल ह्याण्डलिङ्ग तथा क्याटरिङ्ग बापत बुझाउने दस्तुर "बिमानस्थल सेवा शुल्क नियमावली २०६७" बमोजिम हुनेछ।

## परिच्छेद ५
## भूमिस्थ प्रबन्ध सम्बन्धी अन्य व्यवस्था

७. **हाल आफै आफ्नो वायुयानको भूमिस्थ प्रवन्ध सुविधा सेवा सञ्चालन गर्दै आइरहेका वायुसेवाहरुले यसै निर्देशिका बमोजिम अनुमति लिनु पर्ने:** यो निर्देशिका प्रारम्भ हुँदाको बखत विमानस्थलमा आफै आफ्नो वायुयानको भूमिस्थ प्रवन्ध सुविधा सञ्चालन गर्दै आइरहेको वायुसेवाहरुले पनि यी शर्तहरु पूरा गरी अनुमति लिनु पर्नेछ।

८ **अनुमति तथा दर्ता प्रमाण-पत्र नवीकरण गर्नु पर्ने :** खण्ड ४ तथा खण्ड ६ बमोजिम अनुमति तथा प्रमाण-पत्र प्राप्त गर्ने वायुसेवा वा संस्थाको अबधि प्रत्येक वर्षको असार मसान्तमा समाप्त हुनेछ । कसैले सेवाको अबधि नवीकरण गर्न चाहेमा नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावलीको अनुसूची (१) मा उल्लेखित नवीकरण दस्तुर तिरी अवधि समाप्त भएको एक हप्ता भित्र नवीकरण गर्न आवेदन दिनु पर्नेछ। सो अवधि भित्र नवीकरण गर्न नआएमा दैनिक रु. १०००/- का दरले विलम्व शुल्क बापत थप रकम तिरी ३५ दिन भित्र प्राधिकरणबाट नवीकरण गराउन सक्नेछ । सो अबधि भित्र पनि नवीकरण नगरेमा अनुमति तथा प्रमाण-पत्र स्वतः रद्द हुनेछ।

९. **<u>भूमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्न अनुमति प्राप्त संस्थाले सेवाको स्तरीयता पुऱ्याउनु पर्ने :</u>** खण्ड ४ बमोजिम आफै वा करारमा भूमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा प्रदान गर्न अनुमति प्राप्त संस्थाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) तथा अन्तर्राष्ट्रिय हवाई यातायात संगठन (IATA) द्वारा निर्धारण गरिए अनुसारको मापदण्ड स्तरीय सेवा सञ्चालन गर्नु पर्ने **<u>र ग्राउण्ड ह्याण्डलिङ्ग सेवामा प्रयोग हुने उपकरण IATA द्वारा निर्धारित स्तर अनुरुपको हुनु पर्नेछ ।</u>** यसरी सञ्चालन गर्ने सुविधा सेवा स्तरीय संचालन कार्यविधि तथा ग्राउण्ड ह्याण्डलिङ्ग म्यानूअलमा स्पष्ट गरेको हुनु पर्दछ ।

१०. **<u>करारमा भूमिस्थ प्रवन्ध सुविधा सेवा सञ्चालन गर्ने अनुमति प्राप्त संस्थाले आफूले भूमिस्थ प्रवन्ध सुविधा प्रदान गरे बापत लिने शुल्क प्राधिकरणबाट स्वीकृत गराउनु पर्ने:</u>** करारमा भूमिस्थ प्रवन्ध सुविधा सेवा सञ्चालन गर्न अनुमति प्राप्त संस्थाले आफूले भूमिस्थ प्रवन्ध सुविधा प्रदान गरे वापत भूमिस्थ प्रवन्ध सुविधा सेवा प्रदान गर्न स्वीकार गर्ने वायुसेवा वा वायुयान संचालकहरुसँग लिने शुल्क प्राधिकरणबाट स्वीकृत गराउनु पर्नेछ । सामान्यतया: यस्तो शुल्क छिमेकी मुलुकमा भूमिस्थ प्रवन्ध सुविधा प्रदान गर्दा लिइने गरेको अधिकतम शुल्क भन्दा बढी नहुने गरी स्वीकृति प्रदान गरिनेछ । भूमिस्थ प्रवन्ध सुविधा प्रदान गरे वापत यस्ता संस्थाले भूमिस्थ प्रवन्ध सुविधा प्राप्त गर्ने वायुसेवा वा वायुयान संचालकसँग प्राधिकरणबाट स्वीकृत शुल्क बाहेक अन्य कुनै किसिमको रकम लिन पाउने छैन ।

११. **<u>आफ्नो वायुसेवाको भूमिस्थ प्रवन्ध सुविधा सेवा आफै सञ्चालन गर्न अनुमति प्राप्त वायुसेवा वा वायुयान सञ्चालकले बुझाउनु पर्ने बहाल तथा दस्तुर :</u>** (१) खण्ड (४) अनुसार आफ्नो वायुयानको आफै भूमिस्थ प्रवन्ध सुविधा (सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग सेवा सञ्चालन गर्न अनुमति प्राप्त वायुसेवा वा वायुयान सञ्चालकले भूमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्दा कार्यालयसँग ५ बर्षको अवधि नबढाई अवधि तोकी सम्झौता गरी उपकरण राख्ने क्षेत्र निर्धारण गरी प्राधिकरणलाई जग्गा बहाल तथा सवारी साधन प्रवेश दस्तुर तथा अन्य दस्तुर बुझाउनु पर्नेछ ।

(२) निर्देशिकाको खण्ड (४) को उपखण्ड (२) को प्रतिबन्धत्मक वाक्यांसमा उल्लेखित उद्धार उडान वा हस्पिटल उडान वा साना अन्तर्राष्ट्रिय चार्टर उडान वा यस्तै प्रकृतिका न्यूनतम उपकरण मात्र प्रयोग गरे पुग्ने किसिमका वायुयानको वायुयान सञ्चालकले आफै ग्राउण्ड ह्याण्डलिङ्ग गर्न चाहेमा यस निर्देशिकामा उल्लेख बमोजिमको सम्झौता गर्नु पर्ने छैन । तर, यस्ता उडानमा आउने वायुयानहरुले ग्राउण्ड एडमिनिस्ट्रेशन एण्ड सुपरभिजन वापत सम्बन्धित नागरिक उड्डयन कार्यालयलाई नागरिक उड्डयन नियमावली २०५८ बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

१२. **<u>करारमा ग्राउण्ड ह्याण्डलिङ्ग गर्न अनुमति प्राप्त संस्थाले दस्तुर बुझाउनु पर्ने:</u>** (१) खण्ड (४) को उपखण्ड (६) अनुसार करारमा भूमिस्थ प्रवन्ध सुविधा सेवा सञ्चालन गर्न अनुमति प्राप्त संस्थाले कार्यालयसँग ५ वर्षको अवधि नबढाई अवधि तोकी उपकरण राख्ने क्षेत्र निर्धारण गरी आवश्यक सम्झौता गरी प्रचलित नियम अनुसारको जग्गा बहाल, सवारी साधन प्रवेश दस्तुर तथा नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ को अनुसूची (१) बमोजिम दस्तुर प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

(२) उप-खण्ड (१) बमोजिमको प्रयोजनको लागि करारमा भूमिस्थ प्रवन्ध सुविधा ( ग्राउण्ड ह्यण्डलिङ्ग) सेवा सञ्चालन गर्न अनुमति प्राप्त संस्थाले प्रचलित लेखा पद्धति बमोजिम आयको लेखा राख्नु पर्नेछ ।

(३) उप-खण्ड (२) बमोजिम आयको लेखा विवरण सहित सम्झौता अनुसार उप-खण्ड (१) बमोजिमको दस्तुर कार्यालयलाई बुझाउनु पर्नेछ ।

(४) उप-खण्ड (२) बमोजिम लेखा दुरुस्त राखे नराखेको कार्यालय तथा प्राधिकरणले समय समयमा अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्नेछ ।

(५) उप-खण्ड (४) बमोजिम अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणमा प्राधिकरणबाट खटी आउने अधिकारीलाई लेखा कागजात तथा विवरण उपलब्ध गराउनु संस्थाको कर्तव्य हुनेछ ।

१३ **भूमिस्थ प्रवन्ध सुविधा सेवा सञ्चालन गर्न स्वीकृति प्राप्त वायुसेवा सञ्चालक वा संस्थाले नगद जमानत वा बैंक ग्यारेण्टी राख्नु पर्ने :** भूमिस्थ प्रवन्ध सुविधा सेवा सञ्चालन गर्न अनुमति प्राप्त वायुसेवा सञ्चालक वा संस्थाले प्राधिकरणलाई बुझाउनु पर्ने नगद जमानत वा बैंक ग्यारेण्टी रकम नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ को अनुसूची (१) बमोजिम हुनेछ । उक्त रकम मध्ये पाँच प्रतिशत नगद रकम खण्ड (१) बमोजिम दरखास्त साथ जम्मा गरी बाँकी रकमको नगद जमानत वा बैंक ग्यारेण्टी अनुमति प्राप्त गर्नु पूर्व बुझाउनु पर्नेछ ।

१४ **जमानत फुकुवा हुने :** खण्ड (१३) बमोजिम राखिएको बैंक ग्यारेण्टी रकम सम्झौताको अवधि समाप्त भएपछि प्राधिकरणलाई बुझाउनु पर्ने बाकी वक्यौता रकम कट्टा गरी वाँकी नगद जमानत वा बैंक ग्यारेण्टी सम्बन्धित वायुसेवा वा संस्थालाई फुकुवा गरिनेछ ।

१५ **यस निर्देशिकामा उल्लेखित शर्त पूरा नगरेमा कारवाही गरिने :** यस निर्देशिकामा उल्लेखित शर्तहरु पूरा नभएमा वा प्राधिकरणलाई बुझाउनु पर्ने रकम तोकिएको वा निर्धारित समयभित्र नवुझाएमा प्राधिकरणले खण्ड (१३) अनुसार राखिएको नगद जमानत वा बैंक ग्यारेण्टीबाट नियमानुसार आफ्नो असुल गर्नु पर्ने रकम असुल गरी यस निर्देशिका बमोजिम प्रदान गरिएको अनुमति तथा प्रमाण-पत्र रद्द गरी प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ ।

१६ **तेश्रो पक्षीय बीमा गराउनु पर्ने :** ग्राउण्ड ह्याण्डलिङ्ग सेवा सुविधा प्रदान गर्ने संस्थाले सेवाको सिलसिलामा प्रयोग गर्ने मेशिन, औजार तथा मानवीय त्रुटिवाट हुन सक्ने तेश्रो पक्षको क्षति व्यहोर्न तेश्रो पक्षीय बीमा (थर्ड पार्टी लियाविलिटी इन्स्योरेन्स) गराई सो को बीमालेख प्राधिकरणमा पेश गर्नु पर्नेछ । यसरी तेश्रो पक्षीय बीमा गराउँदा **पहिले देखि नै त्यस्तो विमा गरेको भए सो समेत गरी समग्रमा** अन्तर्राष्ट्रिय उडानको लागि कम्तिमा यू.एस.डलर **५,००,००,०००। (अक्षेरेपी यू.एस.डलर पाँच करोड) तथा क्याटरिङ्ग सेवाको हकमा यू.एस डलर १०,००,०००/- (दश लाख)** र आन्तरिक उडानको लागि **रु. ५,००,००,०००। (अक्षेरेपी पाँच करोड)** हुनु पर्नेछ ।

१७ **क्षति पूर्ति गर्नु पर्ने :** कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग सेवा सुविधा प्राप्त संस्था वा वायुसेवाले नियमित रुपमा स्तरीय सेवा प्रदान गर्न नसकेमा सोबाट सेवाग्राही (सेवा लिने) वायुसेवालाई भएको क्षतिपूर्ति कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग सेवा प्रदान गर्ने संस्थाले व्यहोर्नु पर्नेछ । साथै ग्राउण्ड ह्याण्डलिङ्ग गर्दा दोश्रो वा तेश्रो पक्षको क्षति हुन गई त्यस्तो क्षति पूर्तिको माग भई आएमा त्यसको जिम्मेवारी सम्बन्धित संस्थाले लिनु पर्नेछ ।

## परिच्छेद ६
## भूमिस्थ प्रबन्ध सम्बन्धी प्रशासनिक व्यवस्था

१८. **उडान अनुमति प्रदान गर्दा ग्राउण्ड ह्याण्डलर अनिवार्य रुपमा तोकिनु पर्ने व्यवस्था :** यो कार्यबिधि अनुसार नेपालमा उडानको लागि अनुमति माग गर्ने सबै वायुसेवाहरुले अनुमति माग गर्दा आफ्नो ग्राउण्ड ह्याण्डलिङ्ग कसले गर्ने हो स्पष्ट गरी आवेदन गर्नु पर्नेछ र उडान अनुमति दिंदा नेपाल नागरिक उड्डयन प्राधिकरण, वायुसेवा मामिला बिभागले अनुमति पत्रमा ग्राउण्ड ह्याण्डलर स्पष्ट तोकिदिनु पर्नेछ । आवेदकले ग्राउण्ड ह्याण्डलर तोकी आवेदन दिएकोमा वायुसेवा मामिला बिभागले सो ग्राउण्ड ह्याण्डलरले अनुमति पाए नपाएको फेसिलिटेशन बिभागबाट एकिन गर्नु पर्नेछ ।

१९ **वायुसेवाहरुको अनुमति सम्बन्धी आवेदन लिने व्यवस्थापन सम्बन्धी व्यवस्था** : (क) यो कार्यबिधि अनुसार सेल्फ तथा कर्मर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग गर्ने वायुसेवा वा संस्थाले अनुमति माग गर्दा नेपाल नागरिक उड्डयन प्राधिकरण, फेसिलिटेशन बिभागमा आवेदन गर्नु पर्नेछ ।

(ख) यस विभागले पर्न आएका आवेदन उपर कार्यबिधिमा उल्लेखित बिबरण अध्ययन गरी सबै आवश्यकता पूरा भएपछि स्वीकृतिको लागि बिमानस्थल व्यवस्थापन तथा विकास निर्देशनालय मार्फत महानिर्देशक समक्ष पेश गर्नेछ ।

(ग) उपखण्ड (ख) बमोजिम स्वीकृत भएका वायुसेवा वा संस्थाहरुलाई अनुमति तथा प्रमाणपत्र जारी भएपछि कार्यान्वयनका लागि फेसिलिटेशन विभागले सम्बन्धित नागरिक उड्डयन कार्यालयमा पठाउनु पर्नेछ ।

(घ) यो कार्यविधि अनुसार अनुमति प्रदान गरिएका वायुसेवा वा संस्थाले समयमै नविकरण गरे नगरेको हेरी फेसिलिटेशन विभागले समयमै सम्बन्धित वायुसेवा वा संस्थालाई जानकारी गराउनु पर्नेछ ।

२०. **शुल्क तथा धरौटी सम्बन्धी व्यवस्था** : यस कार्यबिधि अनुसार बुझाउनु पर्ने शुल्क तथा धरौटी रकम फेसिलिटेशन बिभागको सिफारिशमा नेपाल नागरिक उड्डयन प्राधिकरण, अर्थ बिभागमा बुझाउनु पर्नेछ ।

२१. **बिमानस्थलको व्यवस्थापन सम्बन्धी व्यवस्था :** (क) यस कार्यबिधि अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल व्यवस्थापनको हकमा ग्राउण्ड फ्लाइट सेफ्टी डिभिजनले र अन्य

बिमानस्थलको हकमा सम्बन्धित बिमानस्थलका प्रमुखले सम्बन्धित वायुसेवा वा संस्थालाई र्‍याम्पको स्थान तोक्ने व्यवस्था गर्नेछ ।

(ख) त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको हकमा ग्राउण्ड फ्लाइट सेफ्टी महाशाखाले ग्राउण्ड ह्याण्डलिङ्ग अनुमति तथा प्रमाणपत्र प्राप्त वायुसेवा वा संस्थासंग गर्नु पर्ने संझौताको मस्यौदा तयार गरी महानिर्देशकबाट स्वीकृत गराई सो अनुसार संझौताको व्यवस्था गर्नेछ । आन्तरिक विमानस्थलको हकमा फेसिलिटेशन विभागले मस्यौदाको नमूना तयार गरी सबै आन्तरिक विमानस्थलहरुमा पठाउनेछ ।

(ग) त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको हकमा साना तथा कुनै उपकरण आवश्यक नपर्ने चार्टर उडानका लागि आउने बायुयानको ग्राउण्ड एडमिनिष्ट्रेशन तथा सुपरभिजनको कार्य तथा सो बापतको दस्तुर असुल गर्ने कार्य त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल नागरिक उड्डयन कार्यालय मातहतको टर्मिनल व्यवस्थापन महाशाखाबाट हुनेछ ।

(घ) उपखण्ड (ग) बमोजिमको सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग गर्ने वायुयानको दस्तुरका सम्बन्धमा त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको अन्तर्राष्ट्रिय उडानको हकमा टर्मिनल व्यवस्थापन महाशाखाको सिफारिशमा राजस्व शाखाले बुझिलिए पछि मात्र टर्मिनल व्यवस्थापन महाशाखाले जनरल डिक्लरेशन (जिडी) स्वीकृत गर्नेछ । अन्य बिमानस्थलको हकमा सम्बन्धित कार्यालय प्रमुखले दस्तुर तथा शुल्क असुल गर्ने व्यवस्था गर्नेछ ।

२२. **खारेजी र बचाउ :** नेपाल नागरिक उड्डयन प्राधिकरण, अन्तर्राष्ट्रिय उडानमा रहेका वायुसेवाहरुको भुमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन निर्देशिका, २०६१ खारेज गरिएको छ र सो निर्देशिका अनुसार भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भए, गरेको मानिनेछ ।

२३. **निर्देशन दिने महानिर्देशकको अधिकार :** विमानस्थलमा सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग, कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग, फ्युल एण्ड आयल ह्याण्डलिङ्ग, क्याटरिङ्ग ह्याण्डलिङ्ग तथा फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग गर्ने अनुमति प्राप्त संस्थाले सेवाको स्तर कायम गराउन र अन्य व्यवस्थापन सम्बन्धमा प्राधिकरणको महानिर्देशकले समय समयमा निर्देशन दिन सक्नेछ । महानिर्देशकको निर्देशन पालना गर्नु वायुसेवा वा वायुयान संचालक तथा सम्बद्ध संस्थाको कर्तव्य हुनेछ ।

**अनुसूची - १**

**(खण्ड ४ सँग सम्बन्धित)**

# नेपाल नागरिक उड्डयन प्राधिकरण
# प्रधान कार्यालय

ग्राउण्ड ह्याण्डलिङ्ग अनुमति प्रमाण-पत्र

श्री ..........................................................................लाई नेपाल नागरिक उड्डयन प्राधिकरण भूमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा निर्देशिका **२०६९** को खण्ड .................. को उपखण्ड ................. बमोजिम......................................................................विमानस्थलको अन्तर्राष्ट्रिय वायुयानको ................................................................ गर्न अनुमति प्रदान गरिएको हुँदा यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

.................................................

महानिर्देशक

नेपाल नागरिक उड्डयन प्राधिकरण

# अनुसूची - २

**(खण्ड ५ सँग सम्बन्धित)**

# नेपाल नागरिक उड्डयन प्राधिकरण
# प्रधान कार्यालय

ग्राउण्ड ह्याण्डलिङ्ग अनुमति प्रमाण-पत्र

श्री.............................................................................लाई नेपाल नागरिक उड्डयन प्राधिकरण भूमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा निर्देशिका **२०६९** को खण्ड .................. को उपखण्ड ................. बमोजिम..................................................................विमानस्थलको आन्तरिक वायुयानको ..................................................................... गर्न अनुमति प्रदान गरिएको हुँदा यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ को अनुसूची-१ को बुंदा १८ को मौजुदा व्यवस्थाको सट्टा देहाय बमोजिम रहेको छ :

१८. भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन सम्बन्धी शुल्क तथा धरौटी दस्तुरः

(क) भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्न प्राधिकरणको अनुमति लिन आवेदन गर्दा लाग्ने शुल्क :

| **सेवा** | **अन्तर्राष्ट्रिय उडानका लागि** | **आन्तरिक उडानका लागि** |
|---|---|---|
| (१) सेल्फ ग्राउण्ड ह्याण्डलिङ्गको लागि | रु. ५,०००।- | रु. २५,००।- |
| (२) कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गको लागि | रु. १०,०००।- | रु ५,०००।- |
| (३) कमर्शियल एयरक्राफ्ट सर्भिसेज | रु. १०,०००।- | रु ५,०००।- |
| (४) कमर्शियल एयरक्राफ्ट मेन्टेनेन्स | रु. १०,०००।- | रु ५,०००।- |
| (५) फ्युल एण्ड आयल ह्याण्डलिङ्ग | रु. १०,०००।- | रु. ५,०००।- |
| (६) क्याटरिङ्ग सेवा सुविधाका लागि | रु. १०,०००।- | रु. ५,०००।- |
| (७) फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग | रु. १०,०००।- | रु. ५,०००।- |

**द्रष्टव्य** : कुनै एउटै संस्था वा वायुसेवाले आन्तरिक तथा अन्तर्राष्ट्रिय उडानका लागि ग्राउण्ड ह्याण्डलिङ्ग सेवा सुविधाका लागि आवेदन गर्ने भएमा उपरोक्तानुसार छुट्टा, छुट्टै आवेदन गर्नु पर्नेछ ।

(ख) भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्न अनुमति तथा प्रमाण-पत्र प्राप्त गर्दा लाग्ने शुल्क :

| **सेवा** | **अन्तर्राष्ट्रिय उडानका लागि** | **आन्तरिक उडानका लागि** |
|---|---|---|
| (१) सेल्फ ग्राउण्ड ह्याण्डलिङ्गको लागि | रु. ५०,०००। | रु. १२,५००। |
| (२) कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गको लागि | रु. १,००,०००। | रु. २५,०००। |
| (३) कमर्शियल एयरक्राफ्ट सर्भिसेज | रु. १,००,०००। | रु. २५,०००। |
| (४) कमर्शियल एयरक्राफ्ट मेन्टेनेन्स | रु. १,००,०००। | रु. २५,०००। |
| (५) फ्युल एण्ड आयल ह्याण्डलिङ्ग | रु. १,००,०००। | रु. २५,०००। |
| (६) क्याटरिङ्ग सेवा सुविधाका लागि | रु. १,००,०००। | रु. २५,०००। |
| (७) फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग | रु. १,००,०००। | रु. २५,०००। |

(ग) भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्ने प्रमाण-पत्र नवीकरण शुल्क :

| **सेवा** | **अन्तर्राष्ट्रिय उडानका लागि** | **आन्तरिक उडानका लागि** |
|---|---|---|
| (१) सेल्फ ग्राउण्ड ह्याण्डलिङ्गको लागि | रु. २५,०००। | रु. ५,०००। |
| (२) कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गको लागि | रु. ५०,०००। | रु १०,०००। |
| (३) कमर्शियल एयरक्राफ्ट सर्भिसेज | रु. ५०,०००। | रु १०,०००। |
| (४) कमर्शियल एयरक्राफ्ट मेन्टेनेन्स | रु. ५०,०००। | रु १०,०००। |
| (५) फ्युल एण्ड आयल ह्याण्डलिङ्ग | रु. ५०,०००। | रु. १०,०००। |
| (६) क्याटरिङ्ग सेवा सुविधाका लागि | रु. ५०,०००। | रु. १०,०००। |
| (७) फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग | रु. १०,०००। | रु. २,०००। |

(घ) भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्न अनुमति तथा प्रमाण-पत्र प्राप्त गर्न राख्नु पर्ने धरौटी :

| **सेवा** | **अन्तर्राष्ट्रिय उडानका लागि** | **आन्तरिक उडानका लागि** |
|---|---|---|
| (१) सेल्फ ग्राउण्ड ह्याण्डलिङ्गको लागि | रु. १०,००,०००। | रु १,००,०००। |
| (२) कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गको लागि | रु. २५,००,०००। | रु २,५०,०००। |
| (३) कमर्शियल एयरक्राफ्ट सर्भिसेज | रु. २५,००,०००। | रु २,५०,०००। |
| (४) कमर्शियल एयरक्राफ्ट मेन्टेनेन्स | रु. २५,००,०००। | रु २,५०,०००। |
| (५) फ्युल एण्ड आयल ह्याण्डलिङ्ग | रु. ५,००,०००। | रु. ५०,०००। |
| (६) क्याटरिङ्ग सेवा सुविधाका लागि | रु. ५,००,०००। | रु. ५०,०००। |
| (७) फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग | रु. १,००,०००। | रु. १०,०००। |

(ङ) उद्धार उडान, हस्पिटल उडान, साना अन्तर्राष्ट्रिय चार्टर उडान वा न्यूनतम उपकरण मात्र प्रयोग गरे पुग्ने उडानको हकमा ग्राउण्ड एडमिनिष्ट्रेशन एण्ड सुपरभिजन वापत अन्तर्राष्ट्रिय उडानमा प्राधिकरणलाई प्रति उडान यू.एस.डलर ४०० बुझाउनु पर्नेछ । आन्तरिक चार्टर उडानको हकमा प्रति उडान यू.एस.डलर ५।०० बराबरको नेपाली रुपैंया बुझाउनु पर्नेछ ।

(च) सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग गरे वापत देहाय बमोजिम शुल्क बुझाउनु पर्नेछ :–

| **अन्तर्राष्ट्रिय उडान (प्रति उडान)** | **आन्तरिक उडान (प्रति उडान)** |
|---|---|
| **यू.एस.डलर १५०/- प्रति उडान** | यू.एस.डलर १.०० बराबर नेपाली रुपैया |

(छ) फ्युल एण्ड आयल ह्याण्डलिङ्ग, क्याटरिङ्ग तथा फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग गर्ने संस्थाले **बिमानस्थल सेवा शुल्क नियमावली, २०६७** अनुसार र अन्य कमर्शियल भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गरे वापत अनुमति तथा प्रमाण-पत्र प्राप्त संस्थाले भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) वापत आर्जन गरेको कूल आय (Gross Revenue) को न्यूनतम १० प्रतिशत रकम प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

**द्रष्टव्य** : भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवाको परिभाषा निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।